हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

दशौं वार्षिकोत्सवको अवसरमा प्रकाशित कम्पनीका गतिविधि एवम् भावी गन्तव्य सम्बन्धी झलक

मा. विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवं
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
www.moewri.gov.np

पत्र संख्या:
चलानी नं.:

शुभकामना

जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने दीर्घकालीन प्रकृतिको पुँजी परिचालन गर्ने उद्देश्यले नेपाल सरकारको अगुवाइमा वि.सं. २०६८ सालमा स्थापना भएको हाइड्रोइलेक्ट्रीसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडले दशौं वार्षिकोत्सव मनाउन लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा अहिलेसम्म भए गरेका कामका लागि कम्पनीलाई बधाई तथा आगामी समयमा सफलतापूर्वक अघि बढ्नका लागि शुभकामना दिन चाहन्छु ।

जलविद्युतका क्षेत्रमा लगानी विस्तार गर्न यस कम्पनीले प्रयास गर्दै आएको छ । अन्तर्राष्ट्रिय साझेदारको सहकार्यमा ठूला जलाशययुक्त आयोजनाहरू निर्माण गर्न र विप्रेषणबाट प्राप्त हुने रकमलाई जलविद्युतको विकासमा उपयोग गर्न नयाँ अवधारणाका साथ कुल १५० मेगावाट क्षमताका दुईवटा आयोजनामा लगानी गर्न यस कम्पनीले खेलेको भूमिका सराहनीय छ ।

नेपाल सरकारले ऊर्जा क्षेत्रको विकास मार्फत **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न सहयोग पुऱ्याउने उद्देश्यले वि.सं. २०७५ देखि २०८५ सम्मलाई ऊर्जा तथा जलस्रोत दशक घोषणा गरी ऊर्जा विकासको भावी मार्गचित्र कार्यान्वयनमा ल्याएको छ । जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने नीति लिएको छ । जलविद्युतको उत्पादन, उपभोग, वितरण र व्यापारलाई प्रवर्द्धन गरी आयोजनाहरूको विकास तथा लगानी प्रोत्साहन गर्न सुधारका कार्य अघि बढाएको छ । आयोजना प्रवर्द्धक एवं स्वदेशी तथा विदेशी लगानीकर्तासँग समन्वय र सहकार्य गर्दै वित्तीय स्रोत परिचालन गर्ने सन्दर्भमा आगामी दिनमा यस कम्पनीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु ।

अन्त्यमा, आगामी दिनमा सरकारको अपेक्षा अनुरूप यस कम्पनीको भूमिका अझै बढ्दै जाने र नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य प्राप्तिका लागि आन्तरिक तथा बाह्य वित्तीय स्रोत परिचालनको माध्यमबाट जलविद्युत आयोजनाहरूको वित्तीय व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न कम्पनी सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री

२०७८ असार २७

कार्यालय: सिंहदरबार, काठमाडौं — फोन: ९७७-१-४२११५१३

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौं

प.सं.:
च.नं.:

शुभकामना

हाइड्रोइलेक्ट्रीसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १०औँ वार्षिकोत्सवको शुभ-अवसरमा कम्पनीको सञ्चालक समितिको अध्यक्षका हैसियतले सर्वप्रथम कम्पनीका लगानीकर्ता, कम्पनीबाट शेयर वा ऋण लगानी भएका कम्पनी वा आयोजना सम्बद्ध महानुभावहरू, कम्पनीका वर्तमान तथा पूर्व कर्मचारी एवं पदाधिकारीलगायत सबै सरोकारवालाप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

जलविद्युत्को उत्पादन, प्रसारण तथा वितरणसँग सम्बन्धित आयोजनाको लगानीका क्षेत्रमा कम्पनीले विगत दस वर्षमा गरेको उपलब्धिको रक्षा गर्दै प्राप्त अनुभवको आधारमा आगामी दिनहरूमा लक्ष्यबमोजिमको उपलब्धि हासिल गर्न कम्पनी थप क्रियाशील हुनेछ भन्ने विश्वास लिएको छु ।

जलविद्युत् क्षेत्रको विकास र लगानीले मुलुकको आर्थिक समृद्धि, रोजगारीको सिर्जना, गरिबी निवारण र वैदेशिक व्यापार सन्तुलनका दृष्टिकोणले समेत दूरगामी महत्व राख्दछ । पछिल्ला दिनहरूमा यस क्षेत्रको लगानीलाई आकर्षित गर्न नेपाल सरकारले विभिन्न नीतिगत सुधारका कार्यक्रमहरू अघि सारेको छ । यसले निजी क्षेत्र एवं सर्वसाधारणमा समेत लगानीका लागि सकारात्मक वातावरण सिर्जना हुँदै गएको सङ्केतहरू देखिन थालेका छन् । यसलाई अवसरका रूपमा लिई आन्तरिक वित्तीय स्रोतको परिचालन गरी जलविद्युत्का क्षेत्रमा लगानी विस्तारका लागि कम्पनीले थप प्रयास गर्नुपर्ने खाँचो मैले देखेको छु । यस क्षेत्रका लागि आवश्यक पर्ने ठूलो परिमाणको लगानी योग्य रकमको आवश्यकता आन्तरिक स्रोतबाट मात्र पूर्ति हुन नसक्ने भएकाले मुलुकको आवश्यकता र सरकारको प्राथमिकताअनुसार जलाशययुक्त तथा अर्धजलाशययुक्त ठूला आयोजना निर्माणका लागि लगानी जुटाउन वैदेशिक लगानीकर्तासँग समेत सार्थक सहकार्य गर्न कम्पनी थप सक्रिय हुने नै छ ।

जलविद्युत्को उत्पादन, प्रसारण, वितरण तथा व्यापारको सन्तुलित विकासको माध्यमबाट मात्र सरकारले लिएको जलविद्युत्को लक्ष्य पूरा गर्न सकिने भएकाले सम्बद्ध निकाय बीच सार्थक सहकार्यको आवश्यकता रहेको छ । यसका लागि नेपाल सरकारले आवश्यक समन्वय र सहजीकरण गर्ने नै छ ।

सन्तुष्ट ग्राहक तथा लगानीकर्ता, चुस्त र मितव्ययी संरचना, गतिशील र सक्षम नेतृत्व, स्व-उत्प्रेरित र अनुशासित कर्मचारी, पारदर्शी र वैज्ञानिक कार्यप्रणाली नै सफल सङ्गठनका आधारभूत तत्वहरू हुन् । कम्पनीको १०औँ वार्षिकोत्सवको यस अवसरले यसतर्फ थप क्रियाशील हुन हामी सबैमा ऊर्जा प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा, कम्पनीलाई आजको अवस्थासम्म ल्याउन प्रत्यक्ष/अप्रत्यक्ष योगदान गर्नु हुने नेपाल सरकार, व्यावसायिक साझेदार, शेयरधनी एवं सम्बद्ध सरोकारवालामा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, आगामी दिनमा पनि सहयोग र सद्भावले निरन्तरता प्राप्त गर्नेछ भन्ने विश्वासका साथ कम्पनीको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

२७ असार, २०७८

देवेन्द्र कार्की
सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
एवं
अध्यक्ष, हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

Regd. No. 1300/067/068
PAN: 600232009

Hydroelectricity Investment And Development Company Ltd.
हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
(A Company owned by Government of Nepal)

प.सं.
च.नं. *(Ref. No.):*

प्रतिवद्धता

नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न आवश्यक पर्ने ठूलो परिमाणको एवम् दीर्घकालीन प्रकृतिको लगानी योग्य पूँजी परिचालन गर्ने विशिष्टीकृत "वित्तीय संस्था" को आवश्यकता महसूस भई रहेको थियो । यसै सन्दर्भमा विभिन्न क्षेत्रबाट दीर्घकालीन वित्तीय स्रोत परिचालन गरी जलविद्युत विकास, प्रशारण तथा वितरणसँग सम्बन्धित आयोजनाहरुमा शेयर वा ऋणका रूपमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ वि.सं. २०६८ असार २७ गते एक अविच्छिन्न उत्तराधिकारवाला कम्पनीका रुपमा हाईड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको स्थापना भएको थियो । आज यो कम्पनी स्थापनाको दशौं वर्ष पूरा गरी एघारौं वर्षमा प्रवेश गरेको छ ।

यस गौरवमय एवम् सुखद क्षणमा सर्वप्रथम मेरो व्यक्तिगत एवम् कम्पनीका सम्पूर्ण कर्मचारीको तर्फबाट कम्पनीको सञ्चालक समिति, लगानीकर्ता, सरोकारवाला, पूर्वपदाधिकारी एवम् कर्मचारीहरु तथा शुभचिन्तकहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्दै कम्पनीलाई वर्तमान अवस्थासम्म ल्याउन निर्वाह गर्नु भएको भूमिका प्रति कृतज्ञता सहित आभार व्यक्त गर्दछु ।

जलविद्युतको विकास नै मुलुकको समृद्धिको प्रमुख आधार हो । यस क्षेत्रको विकास र लगानीलाई नेपाल सरकारले थप प्राथमिकता र प्रोत्साहन गर्दै आएको छ । तसर्थ, आगामी दिनहरुमा यस कम्पनीको आवश्यकता,सान्दर्भिकता र भूमिका अझै बढ्दै जाने प्रष्ट छ । आन्तरिक तथा वाह्य वित्तीय श्रोत परिचालनको माध्यमबाट जलविद्युत आयोजनाहरुको वित्तीय व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल सरकारको जलविद्युत विकासको लक्ष्य पूरा गर्न कम्पनी प्रमुख सहयोगी संस्था बन्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।

कम्पनी स्थापना भएको दश वर्ष पूरा भई सकेको सन्दर्भमा कम्पनीले विगतमा अवलम्वन गरेको रणनीति र हासिल गरेको उपलब्धिको समीक्षाका आधारमा कम्पनीको भावी गन्तव्य, लक्ष्य र मार्गचित्र सहितको चार वर्षे रणनीतिक योजना यही २०७८ साउन १ गतेबाट कार्यान्वयनमा ल्याउने गरी तयारी भई रहेको छ । यो दस्तावेज कम्पनीको भविश्यको लागि कोशेढुङ्गा सावित हुनेछ भन्ने मेरो विश्वास रहेको छ ।

सक्षम, सुदृढ, गतिशील, विश्वसनीय र अग्रणी संस्थाका रूपमा कम्पनीलाई विकास गरी आगमी दश वर्ष भित्रमा जलविद्युत् आयोजनाहरुमा लगानी गर्ने मुलुकको सवै भन्दा ठूलो वित्तीय संस्थाको रुपमा विकास गर्ने ध्येयका साथ कम्पनीलाई अघि बढाउन आवश्यक छ । यसका लागि संस्थागत एवं संरचनागत रुपान्तरण, रणनीतिक साझेदारीको विकास, दिगो एवं भरपर्दो वित्तीय स्रोतको परिचालन, सुरक्षित र सन्तुलित लगानी व्यवस्थापन एवम् क्षमता अभिवृद्धि, संस्थागत सुशासन र खर्च नियन्त्रण आदि जस्ता रणनीतिक सुधारका कार्यलाई अघि बढाउदै लगानीकर्तालाई उपयुक्त प्रतिफल प्रदान गर्न सदैव क्रियाशिल रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको सवल नेतृत्व, नेपाल सरकार लगायत प्रवर्द्धक संस्थाहरुको सहयोग एवम् मार्गदर्शन, सर्वसाधारण लगानीकर्ता तथा सरोकारवालाहरुको सुभेक्षा एवम् सम्पूर्ण कर्मचारीहरुको सामूहिक क्रियाशीलताबाट कम्पनीको लक्ष्य प्राप्तिमा सफलता मिल्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

२७ असार, २०७८

अर्जुन कुमार गौतम
प्रमुख कार्यकारी अधिकृत

(सार्विकको नाम: जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)
Hattisar, Kathmandu, Tel.: 01-4445013/14/15/16, Fax: +977-1-4445017
www.hidcl.org.np, Email: info@hidcl.org.np

कम्पनीको वित्तीय झलकहरू











१. कम्पनीको परिचय

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/३/२७ मा जलविद्युत लगानी तथा विकास कम्पनीको रुपमा स्थापित यस कम्पनी सम्वत २०७५ देखि नाम परिवर्तन गरी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको रुपमा कार्य संचालन गर्दै आइरहेको छ । कम्पनीलाई नेपाल सरकारबाट मिति २०६८/०४/०२ मा वित्तीय संस्थाको रुपमा मान्यता प्राप्त भएको थियो र मिति २०६९/०३/२६ मा नेपाल राष्ट्र बैंकबाट ने ऋण लगानी गर्न स्वीकृति प्राप्त भएको छ ।

२. कम्पनीको उद्देश्य

जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने आयोजनामा शेयर तथा ऋण लगानी गर्ने; जलविद्युत आयोजनाहरुले जारी गरेको बण्ड, डिवेन्चर जस्ता ऋणपत्रमा लगानी गर्ने; आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाको विकास गर्ने; नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने ।

३. दूर दृष्टि

जलविद्युतसँग सम्बन्धित आयोजनामा लगानी गर्ने मुलुकको सक्षम र अग्रणी संस्थाको रूपमा कम्पनीलाई विकास गर्ने ।

४. दीर्घकालीन कार्यदिशा

- वित्तीय स्रोत परिचालन तथा जलविद्युतको क्षेत्रमा लगानी विस्तारको माध्यमबाट राष्ट्रिय आय, विद्युत उत्पादन तथा आपूर्ति र रोजगारी अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान गर्ने
- वित्तीय स्रोतको परिचालन तथा सन्तुलित लगानी व्यवस्थापनको माध्यमबाट लगानीकर्तालाई आकर्षक लगानी प्रतिफल प्रदान गर्ने
- संस्थागत सुदृढीकरण, क्षमता विकास, संस्थागत सुशासन प्रवर्द्धन र व्यवसाय विस्तारको माध्यमबाट कम्पनीलाई सक्षम र विश्वसनीय संस्थाको रुपमा विकास गर्ने ।







जलविद्युत आयोजनाहरूमा ऋण लगानी :

क्र. सं.	कम्पनीको नाम	आयोजनाको नाम	जडित क्षमता (मे.वा.)	ऋण प्रतिवद्धता (रु. करोड)	हालसम्म प्रवाहित ऋण (रु. करोड)	आयोजनाको अवस्था
१	माण्डु हाइड्रोपावर लि.	बाग्मती साना	२२	२०	२०	व्यापारिक उत्पादन शुरु भईसकेको
२	अप्पर सोलू हाइड्रोइलेक्ट्रिक कं.लि.	सोलु खोला	२३.५	२०	२०	आंशिक व्यापारिक उत्पादन शुरु भएको
३	माउण्टेन इनर्जी लि.	मिस्त्री खोला	४२	१०९	९३	उत्पादन शुरु भईसकेको
४	हिमालयन पावर पार्टनर लि.	दोर्दी खोला	२७	५९	४८	निर्माण कार्य अन्तिम चरणमा रहेको
५	न्यादी हाइड्रोपावर लि.	न्यादी	३०	५४	३७	निर्माण कार्य अन्तिम चरणमा रहेको
६	सोलू हाइड्रोपावर प्रा.लि.	तल्लो सोलु	८२	६०	४४	निर्माणाधीन
७	बेनी हाइड्रो प्रा.लि.	माथिल्लो सोलु	१८	२०	१२	निर्माणाधीन
८	श्रुवेतगंगा हाइड्रो एण्ड कन्सट्रक्सन लि.	तल्लो लिखु	२८.१	८०	४९	निर्माणाधीन
९	साहस उर्जा लि.	सोलुखोला दुधकोशी	८६	९०	४१	निर्माणाधीन
१०	त्रिशूली जलविद्युत कम्पनी लि.	माथिल्लो त्रिशुली ३ वि	३७	१५०	३२	निर्माणाधीन
११	अरुण कावेली पावर लि.	कावेली वि-१	२५	२०	२०	व्यापारिक उत्पादन शुरु भईसकेको र HIDCL को ऋण चुक्ता भईसकेको
१२	माउण्टेन हाइड्रो नेपाल लि.	तल्लो हेवा	२२.१	१५	१५	
		जम्मा	**४४२.७**	**६९७**	**४३३**	

जलविद्युत आयोजनाहरूमा शेयर लगानी :

क्र.सं.	कम्पनीको नाम	आयोजनाको नाम	जडित क्षमता (मे.वा.)	ऋण प्रतिवद्धता (रु. करोड)	हालसम्म प्रवाहित रकम (रु. करोड)	आयोजनाको अवस्था
१	रेमिट हाइड्रो लि.	घुन्सा खोला	७७.५	२७०	४१	अध्ययन कार्य अन्तिम चरणमा रहेको
२	सिम्बुवा रेमिट हाइड्रो लि.	सिम्बुवा खोला	७०.३	२३५	३५	अध्ययन कार्य अन्तिम चरणमा रहेको
३	विद्युत उत्पादन कम्पनी लि.	फुकोट कर्णाली	४८०	१२६	-	अध्ययन कार्य अन्तिम चरणमा रहेको
४	भिजन इनर्जी एण्ड पावर प्रा. लि.	नुप्चे लिखू	५७.५	५०	२५	निर्माण कार्य शुरु भएको
५	भिजन लुम्बिनी उर्जा कम्पनी लि.	सेती नदी	२५	२०	१०	निर्माण कार्य शुरु भएको
		जम्मा	**७१०.३**	**७०१**	**१११**	

जलविद्युत सम्बन्धित कम्पनीहरूमा शेयर लगानी :

क्र. सं.	कम्पनीको नाम	व्यवसायको किसिम	शेयर प्रतिशत	शेयर प्रतिबद्धता (रु. करोड)	हालसम्मको लगानी (रु. करोड)	अवस्था
१	पावर ट्रान्समिशन कम्पनी नेपाल लि.	क्रसबोर्डर ४०० के.भी प्रसारण आयोजना	१४%	६.३	६.३	सञ्चालनमा रहेको
२	विद्युत उत्पादन कम्पनी लि.	विद्युत उत्पादन	४%	८०.०	२६.९	सञ्चालनमा रहेको
३	नेपाल पावर ट्रेडिङ्ग कम्पनी लि.	विद्युत खरिद बिक्री	१५%	३.०	०.२	अध्ययन भइरहेको
४	एनइए इन्जिनियरिङ्ग कम्पनी लि.	इन्जिनियरिङ्ग सेवा	१५%	३.०	२.३	सञ्चालनमा रहेको
		जम्मा		**९२.०**	**३५.७**	

रणनीतिक साझेदारीमा निर्माण हुने जलविद्युत आयोजनामा लगानी :

क्र. सं.	आयोजनाको नाम	रणनीतिक साझेदार	जडित क्षमता (मे.वा.)	शेयर प्रतिशत	आयोजनाको अवस्था
१	माडी जलाशययुक्त ज.वि. आयोजना	पावरचाइना	१५६	२६%	विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति प्राप्त भएको; ज्वाइन्ट भेञ्चर कम्पनी स्थापना गर्ने र विस्तृत अध्ययन गर्ने कार्य भईरहेको
२	तमोर जलाशययुक्त ज.वि. आयोजना	पावरचाइना	७५६	५१%	लगानी बोर्डसँग समझदारीपत्र गरी अध्ययन अनुमति प्राप्त भएको; ज्वाइन्ट भेञ्चर कम्पनी स्थापना गर्ने र प्रारम्भिक अध्ययन गर्ने कार्य भईरहेको